संघीय संसद
प्रतिनिधि सभा
एघारौं अधिवेशन
बैठक संख्या - ४८ र ४९

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७९ साल साउन १३ गते शुक्रबार

प्रतिनिधि सभाको आजको पहिलो बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा बिहान ११:२० बजे प्रारम्भ भयो ।

सर्वप्रथम शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री टेक बहादुर बस्नेत
२. मा० डा० डिला सँग्रौला (पंत)
३. मा० श्री दिल कुमारी
४. मा० श्री दिव्यमणि राजभण्डारी
५. मा० श्री दुर्ग बहादुर रावत
६. मा० श्री नरबहादुर धामी
७. मा० श्री नरमाया ढकाल
८. मा० श्री नवराज सिलवाल
९. मा० श्री नारायणप्रसाद खतिवडा
१०. मा० श्री निरुदेवी पाल
११. मा० श्री पार्वती कुमारी विशुन्के

तदुपरान्त प्रारम्भ भएको विशेष समयमा निम्नलिखित मा० सदस्यहरुले विविध विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० डा० शिवमाया तुम्वाहाङफे
२. मा० श्री प्रकाश रसाईली (स्नेही)
३. मा० श्री सुरेश कुमार राई
४. मा० श्री प्रमोद साह
५. मा० श्री उमाशंकर अरगरिया
६. मा० श्री प्रेम सुवाल
७. मा० श्री लाल बहादुर थापा
८. मा० श्री जिपछिरिङ लामा
९. मा० श्री समिना हुसेन
१०. मा० श्री गजेन्द्र बहादुर महत
११. मा० श्री लालबाबु पण्डित
१२. मा० श्री राजेन्द्र कुमार के.सी.
१३. मा० श्री चाँदतारा कुमारी
१४. मा० श्री यज्ञबहादुर बोगटी
१५. मा० श्री मोहन बानियां
१६. मा० श्री देवप्रसाद तिमलसेना

तत्पश्चात मा० परराष्ट्र मन्त्री डा० नारायण खड्काले एस.पी.पी. मा नेपालको संलग्नता नहुने व्यहोराको पत्र पठाएको लगायतका विषयमा सार्वजनिक महत्वको वक्तव्य दिनुभयो ।

त्यसपछि प्रतिनिधि सभा नियमावली, २०७५ को नियम २१९ को (२) बमोजिम मा० मन्त्रीको वक्तव्यको सम्बन्धमा निम्नलिखित मा० सदस्यहरुले सोध्नुभएको प्रश्नको मा० परराष्ट्र मन्त्री डा० नारायण खड्काले जवाफ दिनुभयो ।

१. मा० डा० भीम बहादुर रावल
२. मा० डा० शिवमाया तुम्वाहाङफे
३. मा० श्री नवराज सिलवाल
४. मा० श्री गगन कुमार थापा
५. मा० श्री दिव्यमणि राजभण्डारी
६. मा० श्री महेश बस्नेत
७. मा० श्री प्रेम सुवाल
८. मा० श्री घनश्याम खतिवडा
९. मा० श्री नारायण प्रसाद खतिवडा
१०. मा० डा० डिला सँग्रौला (पंत)
११. मा० श्री बिमला बि.क.
१२. मा० श्री चाँदतारा कुमारी
१३. मा० श्री दिल कुमारी
१४. मा० श्री अञ्जना विसंखे
१५. मा० श्री पवित्रा निरौला (खरेल)
१६. मा० श्री दुर्ग बहादुर रावत
१७. मा० डा० सूर्यप्रसाद पाठक
१८. मा० श्री विमला विश्वकर्मा
१९. मा० श्री विन्दा पाण्डे
२०. मा० डा० पुष्पा कुमारी कर्ण कायस्त
२१. मा० श्री मोहन बानियां

तदुपरान्त प्रतिनिधि सभाका सचिव श्री गोपालनाथ योगीले प्रतिनिधि सभामा उत्पत्ति भएको "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९" संशोधन विना राष्ट्रिय सभाबाट पारित भएको सन्देशको जानकारी गराउनु भयो ।

तत्पश्चात प्रतिनिधि सभाका सचिव श्री गोपालनाथ योगीले राष्ट्रिय सभामा उत्पत्ति भएको "सपथ सम्बन्धी विधेयक, २०७८" का सम्बन्धमा राष्ट्रिय सभाबाट संशोधन सहित प्राप्त सन्देश टेबुल गर्नुभयो ।

त्यसपछि सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय राज्यमन्त्री श्री उमेश श्रेष्ठले राष्ट्रिय सभामा उत्पत्ति भएको "नेपाल विशेष सेवा विधेयक, २०७६ लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाईयोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभाभुखले आजको कार्यसूचीको बाँकी कार्यक्रम सूचीबाट हटाइएको व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक आजै दिनको ३:०० बजे बस्नेगरी आजको बैठक दिनको १:३० बजे स्थगित भयो ।

प्रतिनिधि सभाको आजको दोस्रो बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको ३:२० बजे प्रारम्भ भयो ।

सर्वप्रथम आर्थिक विधेयक, २०७९ मा करका दरहरु अनधिकृत व्यक्ति प्रवेश गरी हेरफेर गरेको भन्ने सम्बन्धमा छानविन गर्न मिति २०७९ असार २२ गते बसेको सभाको बैठकबाट गठित संसदीय छानविन विशेष समितिका मा० सभापति श्री लक्ष्मणलाल कर्णले "संसदीय छानविन विशेष समितिको प्रतिवेदन, २०७९" पेश गर्नुभयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०७९ साल साउन १७ गते मंगलबार दिनको १:०० बजे बस्नेगरी आजको बैठक दिनको ३:३० बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव